# तराईमा साझेदारी वन व्यवस्थापन प्रणाली: यथार्थ विकल्प कि मित्थ्या प्रलाप ?

■ दिलराज खनाल (अधिवक्ता)

अहिलेको साझेदारी वन सम्बन्धी धारणाले सिर्जना गरेका चुरा कुराहरु बारे नीतिगत, कानुनी र व्यवहारिक संभावनाको दृष्टीकोणले केही लेखाजोखा गर्नु अत्यावश्यक भइसकेको छ । यद्यपी साझेदारी वनको बारेमा टिप्पणी गर्नको लागि अझै पनि यो सवाल परिपक्क भइसकेको छ भन्न सकिदैन । किनकी साझेदारी वन व्यवस्थापन प्रणालीको न त नीतिगत र कानुनी आधार प्रष्ट रुपमा स्थापित भएको छ, न त यो प्रणाली स्थानीय समुदायको अधिकारमुखी अवधारणामा नै आधारित छ । यस परिप्रेक्ष्यमा साझेदारी वन व्यवस्थापनको नाममा सिर्जना गरिएको भ्रम र अन्यौल चिरफार गर्दै सामुदायिक वन (सा.व.) को अवधारणालाई अझै परिष्कृत गर्दै तराईको वन व्यवस्थापन गर्न सकिने आधारहरु यस लेखमा प्रस्तुत गरिएको छ ।

### असफल वन व्यवस्थापन प्रणालीका श्रृङ्खलाहरु

करिब अढाई दशक अघि विश्व बैङ्कले नेपालको वन क्षेत्रको विनाशबारे कहाली लाग्दो टिप्पणी गरेको थियो । जसमा "वन विनाशको वर्तमान गति कायम रहेमा पहाडी तथा तराई भेगमा क्रमश: १५ र २५ वर्षभित्र पहुँचमा रहेका वन जङ्गल सखाप हुनेछन्" भन्ने भविष्यवाणी गरिएको थियो[६] । यस तथ्यलाई विभिन्न समयमा भएका सर्वेक्षणहरुले समेत पुष्टि गरेका छन् । सन् १९६४ को तथ्याङ्कमा देशको ४५% भन्दा पनि बढि भू-भागमा फैलिएको वन क्षेत्र सन् १९७९ तिर ४३%, सन् १९८६ मा ३७.४% र सन् १९९९ मा २९% रहन गएको देखाएको छ ।

नेपालमा वन विनाशको यो कहाली लाग्दो श्रृङ्खलामा इँटा थप्ने काममा स्वयं वन प्रशासन र अन्य सरकारी निकायहरु नै जिम्मेवार देखिन्छन् । २०४६ सालमा बहुदलिय व्यवस्थाको पूनर्स्थापना भएपछि बनेको पहिलो संसदका तत्कालिन सांसद द्रोणप्रसाद आचार्यको अध्यक्षतामा २०४७ सालमा गठित वन संरक्षण अध्ययन कार्यदलको प्रतिवेदनमा विगत कालदेखि "२०४५ सालसम्मको अवधिमा तराईमा १,००,६५८ परिवारलाई १,१६,७४८ हेक्टर वन क्षेत्र वितरण गरिएको" कुरा स्पष्ट पारिएको छ[७] । यसबाट तराईमा रहेको वन विनाश गर्नमा स्थानीय बासिन्दा भन्दा पनि सरकारको त्रुटीपूर्ण नीतिहरु जिम्मेवार रहेको कुरा स्पष्ट हुन्छ ।

तराईको वन विनाशको अर्को मुख्य कारण वन व्यवस्थापनको सामुदायिक प्रणालीलाई कानुनी मान्यता प्रदान नगरिनु र केन्द्रबाट अव्यवहारिक वन व्यवस्थापन योजनाहरु लादिनु नै हो । जनतालाई दोष दिन र आफूले गरेको करतुत् लुकाउनलाई जनसंख्या बृद्धि र चेतनाको कमी नै वन विनाशको मुख्य कारण हो भन्दै अलाप्ने गरेको पाइन्छ । अहिले पनि तराईको वन व्यवस्थापनको सन्दर्भमा कहिले वन व्यवस्थापन कार्ययोजना (Operational forest management plan - OFMP) त कहिले साझेदारी वन व्यवस्थापन योजना जस्ता तुक नभएका योजनाहरु लादेर सा.व. लाई पछि पार्ने असफल प्रयास गरिएको छ ।

### साझेदारी वनरुपी गाडी र यसको उर्जा

तराईमा साझेदारी वनको गमला बनाउन सरकारी निकाय, त्यसमा बिरुवा रोप्न दाताहरु र पानी सिञ्चन गर्न केही व्यक्ति विशेषहरु लागि परेको देखिन्छ । यी विभिन्न पक्षहरुले विभिन्न नाम र

रुपमा साझेदारी वनको पक्षपोषण गरेको पाईन्छ । वन प्रशासनको प्रत्यक्ष वा अप्रत्यक्ष दबाबमा साझेदारी वनलाई उर्जा प्रदान गर्ने केही प्रयास र प्रक्रियाहरु निम्न अनुसार भएको पाईन्छ :

- तराईमा लागू गरिएका ओ.एफ.एम.पी. (OFMP) हरुको एकातर्फ स्थानीय समुदायबाट व्यापक विरोध भइरहेको अवस्थामा २०५६ सालमा वन तथा भू-संरक्षण मन्त्रालयले उक्त योजनाहरुको कार्यान्वयन र सा.व. को मागका सम्बन्धमा अध्ययन गरी राय सुझाव पेश गर्न एउटा कार्यदल बनाएको देखिन्छ । उक्त अध्ययनले प्रायोजित रुपमा 'तराईका वनहरु सा.व. को रुपमा परिणत भएको कारण सरकारी राजस्वमा कमी आएकोले सा.व. को आम्दानीलाई सरकार र समूहको बीचमा बाँडफाँट गर्नुपर्छ' भन्ने देखाएको छ[८] ।
- वि.सं. २०५७ सालमा डा. केशवराज कँडेलद्वारा तयार गरिएको तराई, चुरे र भित्री मधेसको वन व्यवस्थापन सम्बन्धी अवधारणा पत्र वन प्रशासनद्वारा आयोजित विभिन्न गोष्ठिहरुमा प्रस्तुत गरी सरकारी कर्मचारीहरुबाट अनुमोदन गराउने काम गरिएको थियो । सोही अवधारणा पत्रमा उल्लेखित ३ वटा आधारहरु '(१) तराईमा सा.व. को कारणले विकृति आएको, (२) दक्षिणका वन उपभोक्ताहरुले वन पैदावार प्राप्त गर्न नसकेको र (३) सरकारी राजस्वमा कमी आएको भन्ने कुरा देखाउँदै साझेदारी वनको अवधारणा लागू गर्न सिफारिस गरिएको थियो ।
- यसरी सरकारी स्तरबाट भएका अध्ययन र गरिएका सिफारिसहरुले नै तराईमा सा.व. को सट्टामा साझेदारी वन व्यवस्थापन प्रणाली लागू गर्ने आधार खडा गरेकोले सोही बमोजिम श्री ५ को सरकार, मन्त्रिपरिषद्द्वारा २०५७ बैशाख १९ मा तराई, भित्री मधेस र चुरे क्षेत्रको वनलाई साझेदारी वनको रुपमा व्यवस्थापन गर्ने निर्णय गरिएको पाईन्छ ।
- यसै बीच सा.व. को संयुक्त प्राविधिक पुनरावलोकन गर्ने क्रममा अध्ययनका लागि छनौट गरिएका ११ वटा सवालहरु मध्ये तराईमा सा.व. व्यवस्थापनको सवालका सम्बन्धमा डा. भरत पोखेलद्वारा तयार गरिएको लेखमा वन व्यवस्थापन सम्बन्धी ६ वटा अभिमतहरु राखिएको छ, जसमध्ये साझेदारी वनको अवधारणालाई नजानिदो पाराले अगाडि ल्याउन जोड दिएको पाइन्छ[९] ।

साझेदारी वनको लागि अप्रत्यक्ष रुपमा उर्जा प्रदान गर्ने यी विभिन्न घटनाक्रमहरुले राष्ट्रियस्तरको वन क्षेत्र समन्वय समितिको (Forest sector coordination committee- FSCC) २०५७ असोजमा बसेको नवौं बैठकलाई साझेदारी वन व्यवस्थापन सम्बन्धी काम गर्ने कार्यदल गठन गर्न हिम्मत प्रदान गरेको देखिन्छ ।

अन्ततः यी सबै अध्ययन, कसरत र सिफारिसका कारण तराईमा साझेदारी वनका नाममा सा.व. लाई प्रतिकूल प्रभाव पार्ने सरकारी धारणा र संरचनाहरुको शक्ति बिस्तार हुँदै गयो र सा.व. को माध्यमबाट तराईको वन, वातावरण र जैविक विविधताको संरक्षण एवं जीविका चलाउने स्थानीय समुदायका उत्कण्ठा र अभिलाषाहरु पछाडि धकेलिए ।

**वन व्यवस्थापन परियोजनाहरु**

त्यसो त तराईमा कुन स्वार्थले हो, साझेदारी वनको धारणा लागू गर्नको लागि केही दाताहरु पनि लागि परेका छन् । वनको क्षेत्रमा काम गर्ने नेदरल्याण्ड सरकारको चुरिया र तराईका लागि जैविक विविधता क्षेत्र कार्यक्रम (Biodiversity sector program for Siwaliks and Terai - BISEP-ST), बेलायत सरकारको जीविकोपार्जनको लागि वन कार्यक्रम (Livelihood and forestry program - LFP) र अमेरिका लगायत विभिन्न मुकुकका दाताहरुको सहयोगमा विश्व वन्यजन्तु कोष (World

wildlife fund - WWF) द्वारा सञ्चालित तराई भू-परिधि कार्यक्रम (Terai arc landscape - TAL) हरु विगत केही वर्षदेखि तराईमा कार्यरत रहदै आएका छन् । यी सबै परियोजनाहरुले घोषित रुपमा वन, वातावरण र जैविक विविधताको संरक्षण गर्ने, वनको माध्यमबाट आर्थिक विकास गर्ने र जनताको जीविकोपार्जनमा सुधार ल्याउने कुरा गरेका छन् । तर काम गर्ने व्यावहारिकशैली भने पूर्ण रुपमा विरोधाभाषपूर्ण छ । अचम्मको कुरा त के छ भने गतवर्ष नेपाल सहायता मञ्चको पोखरामा बसेको बैठकमा दक्षिण एशिया क्षेत्रका लागि विश्व बैंकका उपाध्यक्ष मिएको निसिमिजुले नेपाली प्रशासकहरुको नाकै अगाडी औलो ठडाएर तिमीहरु कुशासनको चक्रमा फसेका छौ भन्दा यी दाताहरु पनि साक्षी बसेका थिए । तर फेरि पनि यी दाताहरुले साझेदारी वनको नाममा कुशासनको चक्रब्यूहमा फसेको वन प्रशासनलाई मलजल गरेर तराईमा समुदायको अधिकारलाई तेजोवध गर्दैछन् ।

विश्व वन्यजन्तु कोषले तराईको वनमा बाघ र गैडा बाहेक अरु देख्दैन, बाइसेप (BISEP-ST) ले तराईको वन व्यवस्थापन गर्नेमा वन प्रशासन र स्थानीय निकाय बाहेक अरु समुदाय नै देख्दैन भने एल.एफ.पी. (LFP) ले मिसिल पढेर नसकेकोले फैसला सुनाउन बाँकी छ भन्ने दावी गर्छ । यस्ता परियोजनाहरुद्वारा सञ्चालित कार्यक्रमहरु स्थानीय समुदायको चाहना अनुसार भन्दा पनि कुसासनको चक्रब्यूहमा हुर्केको वन प्रशासन भित्रका केही व्यक्ति विशेषको निगाह एवं अनुकम्पामा आधारित भएकोले तराईका वन उपभोक्ताहरु आफ्नो वनमाथिको न्यायोचित र समानताको हकबाट वन्चित हुँदै असमानताको कुण्ठा बोकेर बस्न बाध्य हुनु परेको छ । त्यतिमात्र हैन, अहिले तराईका समुदायहरुले आफ्नो क्षेत्रको वन व्यवस्थापनको लागि कुन ढाँचा रोज्ने भन्ने बारेमा जैविक विविधता महासन्धि १९९२ ले प्रदान गरेका अधिकारहरुको समेत उपयोग गर्नबाट वन्चित हुनु परेको छ । राष्ट्रिय स्वार्थका नाममा केही हुनेखानेको स्वार्थ रक्षाका लागि स्थानीय समुदाय मर्कामा पर्नु भनेको दुर्भाग्य नै हो ।

### सरकारी साझेदारी वन व्यवस्थापनको धारणा र संरचना

ओ.एफ.एम.पी. कै जगमा रोपिएको साझेदारी वन व्यवस्थापनको धारणालाई केही महिना अगाडि सम्पन्न भएको एफ.एस.सी.सी. (FSCC) को ११औं बैठकले छलफल बिना नै अनुमोदन गरेको कुरा प्रकाशमा आएको थियो । वन क्षेत्र समन्वय समितिको बैठकमा पेश गरेको धारणालाई हेर्दा पहिलाको ओ.एफ.एम.पी. र अहिलेको साझेदारी वन व्यवस्थापन योजनाको बीचको तुलनात्मक झलक निम्नानुसार देखिन्छ ।

**तालिका १: वन व्यवस्थापन कार्ययोजना र साझेदारी वन व्यवस्थापन योजनामा फरक**

| **वन व्यवस्थापन कार्ययोजना** | | | **साझेदारी वन व्यवस्थापन योजना** | | |
|---|---|---|---|---|---|
| *वनको विभाजन* | *कस्तो वन क्षेत्र ?* | *कसको नियन्त्रण* | *वनको विभाजन* | *कस्तो वन क्षेत्र ?* | *कसको नियन्त्रण* |
| उत्पादन वन | ठूला र घना जङ्गल | वन कार्यालयको | चक्ला वन | ठूला र घना जङ्गल | वन कार्यालयको |
| संरक्षित वन | चुरे र नदी किनार | वन कार्यालयको | संरक्षित वन | चुरे र नदी किनार | वन कार्यालयको |
| संभाव्य सा.व. | बस्ती छेउको थोरै वन | उपभोक्ता समूहको | सामुदायिक वन | पर्ती, टुक्राटुक्री, बुट्यान | उपभोक्ता समूहको |

यसरी पुराना ओ.एफ.एम.पी. र नयाँ साझेदारी वन व्यवस्थापन योजना का बीचमा तुलना गरेर हेर्दा यो त सरासर “नयाँ बोतलमा पुरानो रक्सी” हालेर झुक्याउन खोजे जस्तो देखिन्छ । यसरी शब्दजाल रचेर सुस्तसुस्त तराईमा सा.व. को अवसान गरिंदैछ र यस्तो प्रक्रियामा नजानिदो

पाराले राजनैतिक दलहरु र तिनका कार्यकर्ता, बुद्धिजीवि र जननिर्वाचित व्यक्तिहरुले समेत ल्याप्चे हान्दैछन् । अब कसले कसलाई दोष दिने ? कसले कसलाई सचेत गराउने ?

राष्ट्रियस्तरको वन क्षेत्र समन्वय समितिको ११ औं बैठकमा प्रस्तुत गरेको साझेदारी वन सम्बन्धी धारणालाई हुबहु रुपमा वन तथा भू-संरक्षण मन्त्रालयले सचिवस्तरको निर्णयबाट २०६०, जेष्ठ ३० गतेदेखि लागू हुनेगरी वनको साझेदारी व्यवस्थापन दिग्दर्शन, २०६० प्रकाशमा ल्याएको छ[१०] । उक्त दिग्दर्शनमा साझेदारी वनको वन पैदावार र लाभको बाँडफाँटका सम्बन्धमा निम्न अनुसारको व्यवस्था लागू हुने कुरा उल्लेख गरिएको छ ।

**तालिका २ : साझेदारी वन व्यवस्थापनमा वन पैदावार र लाभको बाँडफाँट**

| वन पैदावार (उत्पादन) | उत्पादनको बाँडफाँट | बिक्री वितरण | वितरण गर्ने पक्ष | राजस्वको बाँडफाँट |
|---|---|---|---|---|
| झारपात, घाँस, हाँगा, झिजाझिजी, स-साना दाउरा | यी सबै वन पैदावारहरु उपभोक्ताहरुलाई दिने | निशुल्क रुपमा दिने | वन उपभोक्ताहरुले गर्ने | -------- |
| गैह्रकाष्ठ वन पैदावार | उपभोक्ताहरुलाई दिने | राजस्व र लागत खर्च जोडेर बिक्री गर्ने | वन उपभोक्ताहरुले बिक्री गर्ने | राजस्व र मूल्य अभिबृद्धि कर - वन विभागलाई दिनु पर्ने |
| काठ र दाउरा | नजिकका उपभोक्ता र जिल्लालाई प्राथमिकता | राजस्व र लागत खर्च जोडेर | वन पैदावार आपूर्ती समिति | वन विभागलाई - ७५% स्थानीय स्तरमा - २५% |

यो संरचनालाई हेर्दा दिग्दर्शन बनाएर आर्थिक लाभको बाँडफाँट सम्बन्धी व्यवस्था गर्नु आफैमा वैधानिक हो कि होईन भन्ने प्रश्न उब्जिन्छ । विद्यमान कानुनी व्यवस्थाहरु, जसले उपभोक्ताहरुलाई शतप्रतिशत वनको आम्दानीको हिस्सेदार बनाएका छन्, हेर्दा यो आफैमा गैह्रकानुनी कार्य हो भन्ने देखिन्छ । त्यसैले यस्तो अवैधानिक संरचनामा वनका सरोकारवालाहरुको सहमती र साझेदारी हुन्छ भने केही भन्नु छैन तर कुशासनको आरोप खेपेकाहरुले सोच्नु पर्ने समय आएको देखिन्छ ।

त्यस्तै साझेदारी वनका सम्बन्धमा स्थानीय समुदायमा केही भ्रमहरु परिरहेको छ । एउटा भ्रम के छ भने केही तथाकथित बुझक्कडहरुले साझेदारी वन भनेको पनि सा.व. जस्तै हो भन्ने भ्रमात्मक प्रचारबाजी गरिरहेका छन् । तर स्वयं वन क्षेत्र समन्वय समितिमा प्रस्तुत गरिएको संरचनागत धारणामा साझेदारी वनको परिभाषा यसरी गरिएको छ[११]: साझेदारी वन व्यवस्थापन भन्नाले "सरकारद्वारा व्यवस्थित वनको परिस्थिति सन्तुलन कायम राखी जीविकोपार्जन एवं आर्थिक लगायतका बहुउद्दश्यीय फाइदा प्राप्तिको लागि स्थानीय जनसमुदायसँग साझेदारी रुपमा गरिने दिगो वन व्यवस्थापन प्रणाली" लाई जनाउँछ । यस आधारमा के स्पष्ट हुन्छ भने साझेदारी वन भनेको सा.व. जस्तै होइन र यो त सरकारद्वारा व्यवस्थित वनकै एउटा भ्रमात्मक रुपमात्र हो ।

त्यस्तै अर्को भ्रम के छ भने आखिर सरकारद्वारा व्यवस्थित वनमा पनि स्थानीय समुदायको सहभागिता गराइयो, यो त राम्रै भयो भन्ने यथार्थवादीहरुको झुण्ड पनि कम सानो छैन । यो भ्रम झनै खतरापूर्ण छ, जसले स्थानीय समुदायलाई वनको मालिक बनाउनुको सट्टा वन प्रशासन कै गोठालो, दास, हली वा कमैया बनाउने तर्फ उन्मुख गराउँदैछ । साझेदारी वनको दिग्दर्शनमा उल्लेखित जिल्ला वन योजना र सो अन्तरगतको साझेदारी वन व्यवस्थापन कार्ययोजनाको तर्जुमा गर्दा पूर्ण रुपमा जिल्ला वन कार्यालय र यसका माथिल्ला निकायहरु हावी हुने गरी व्यवस्था

गरिएको छ । तराईमा कार्यरत वन परियोजनाहरुले प्रारम्भिक रुपमा विकास गर्न खोजेका रणनीतिगत जिल्ला वन योजनाहरुमा पनि तराईको वनलाई सरकारी नियन्त्रण भित्र पार्नको लागि हालको कानुनी व्यवस्थामा उल्लेखै नभएका साझेदारी वन, उत्पादन वन जस्ता विभिन्न वर्गमा राष्ट्रिय वनलाई विभाजन गरेर त्यसैलाई प्राथमिकता दिने प्रयास गरिएको छ[१२]। यो अप्रत्यक्ष रुपमा सा.व. लाई पाखा लगाउने दाउपेच मात्र हो भन्न सकिन्छ ।

अत्यन्तै कायापलट भएर साझेदारी वन व्यवस्थापनको धारणा राम्रै होला भन्ने कल्पनामा डुबुल्की मार्दा पनि आखिर प्रश्न के उब्जिन्छ भने साझेदारी के कुरामा र कसका बीचमा त ? वनको व्यवस्थापनामा की लाभको बाँडफाँटमा ? अहिलेकै धारणा र पैसाका भरमा सञ्चालित संरचनालाई हेर्दा यस्ता प्रश्नहरुको कुनै चित्त बुझ्दो जवाफ भेटिंदैन । वन व्यवस्थापनको जिम्मेवारी समुदायमा र लाभ जति सरकारी सञ्चित कोषमा जम्मा गर्ने धारणा वा संरचनालाई साझेदारी मान्ने हो भने त यसलाई जनता विरोधी व्यवस्था मान्नु पर्ने हुन्छ जुन नेपालको वन व्यवस्थापनको इतिहासमा असफल सिद्ध भैसकेको छ ।

**साझेदारीका सवालहरु**

मुख्यतया तराईमा सा.व. सफल हुन सक्दैन र साझेदारी वनको माध्यमबाट नै अगाडि बढ्नुपर्छ भनेर प्रमाणित गर्नको लागि वन प्रशासनले २ वटा सरकारी सवालहरु देखाउँदै आएको छ । अब सो बारेमा छलफल गरौं ।

**तराईको वन राजस्वको प्रमुख स्रोत**

यो सवाल के वास्तविक सवाल नै हो त भन्ने बारेमा छलफल हुनु आवश्यक छ । तराईमा सा.व. हस्तान्तरण गर्दा राजस्वको स्रोत सुक्यो भन्ने तर्कको पछाडि कुनै तुक देखिदैन । किनकी सा.व. का काठहरु व्यापारिक प्रयोजनको लागि बिक्री वितरण भएमा त्यसबापत उठ्नु पर्ने मूल्य अभिबृद्धि कर अहिले पनि उठिरहेको छ । दाउरामा यस्तो कर नलाग्ने व्यवस्था गरिएको छ । त्यस्तै अर्कोतर्फ भित्री मधेस बाहेक तराईमा कुनै उत्पादन नै नदिने खालका पर्ती, चउर, खोला किनार, नहर र केही सीमित वृक्षारोपण क्षेत्रमात्र सा.व. को रुपमा हस्तान्तरण गरिएको छ, जसको क्षेत्रफल लगभग ५० हजार हेक्टर मात्र रहेको छ । त्यसमा पनि २०५५ सालपछि त तराईको उत्पादन वनलाई सा.व. को रुपमा हस्तान्तरण गर्न बन्द नै गरिएको छ । यसरी तराईको वन नै स्थानीय समुदायलाई हस्तान्तरण गरिएको छैन भने कसरी सा.व. को कारणले राजस्वको स्रोत घट्यो भन्न मिल्छ ?

सीमित रुपमा हस्तान्तरण गरिएका वनहरुले गरेको आम्दानीलाई पनि स्थानीय समुदायले वन विकासका काममा लगाएका छन् । यसको साथै सरकारले नै राजस्व खर्च गर्नुपर्ने अनेकौ आधारभूत विकास निर्माणका कामहरु सा.व. को आम्दानी खर्च गरेर सम्पन्न भइरहेका छन् । यसरी तराईमा पनि सा.व. को कारणले सरकारी राजस्व खर्च गर्नुपर्ने भार घट्दै गएको छ भने सरकारलाई आर्थिक रुपमा कसरी घाटा हुन्छ ? यो त काम न काजमा स्थानीय समुदायलाई शोषण गर्ने बाहना मात्र हो ।

स्थानीय समुदायले सा.व. बनाएपछि कति स्थानीय विकासका काम गरेका छन् र सरकारी राजस्वको रकम खर्च गर्नुपर्ने क्षेत्रमा कसरी योगदान गरिरहेका छन् भन्ने बारेमा अध्ययन गरी त्यसको यथार्थ विवरण प्रकाशमा ल्याएर स्थानीय समुदायलाई सम्मान र अभिनन्दन गर्नु आवश्यक छ । वन जङ्गल संरक्षण गरेर स्थानीय एवं विश्वव्यापी वातावरणीय समस्यालाई समाधान गरी

वातावरणीय सेवा प्रदान गर्ने समुदाय प्रति राज्य र दाता समुदायको दायित्व के हो ? समुदायलाई शोषण गर्ने कि सम्मान गर्ने ?

**दक्षिणका लागि वन पैदावारको आपूर्ति**

आज केही सीमित ठाँउहरुमा सा.व. हुँदा दक्षिणका बासिन्दाले वन पैदावार पाएनन् भन्ने कुरा उठेको छ । त्यसो हो भने विगतका दिनहरुमा राज्यले दक्षिणका बासिन्दाहरुका लागि वन पैदावार आपूर्ति गर्न के व्यवस्था गरेको थियो ? यदि थियो भने त्यस्तो काम गर्न के सा.व. उपभोक्ता समूहहरुले सरकारलाई रोक लगाएका छन् त ? अवश्य छैनन् । बरु प्रत्यक्ष रुपमा के देखिएको छ भने सा.व. बनाइसकेपछि दक्षिणका बासिन्दाहरुले सहुलियत दरमा र सम्मानित किसिमले वन पैदावार प्राप्त गर्न सुरु गरेका छन् । तर साझेदारी वनको संरचना भित्र  दक्षिणका बासिन्दाले सजिलैसँग वन पैदावार प्राप्त गर्ने कुनै आधार देखिंदैन ।

साझेदारी वनको नाममा उत्पादन वनका रुखहरु कटान गर्दा त्यसबाट प्राप्त हुने छेउटुप्पा दक्षिणका जनतालाई सित्तैमा बाँड्ने भनिएको छ । ढुवानीका साधन हुने लिन आउलान्, नहुने त आउदैनन् । आखिर यो चक्र पनि कति वर्षसम्म चल्ने ? अघिल्लो वर्ष सुन जस्ता सालका रुख काटेर काठ जति काठमाडौंमा बेच्ने र दाउरा जति देहातमा बाँड्ने गरिएला, तर अर्कोवर्षदेखि देहातमा उम्रिने सालका कलिला मुना कसले हेर्ने ? कसले रुड्ने[१३] ? समुदायको स्वामित्व, नियन्त्रण र संरक्षणभन्दा बाहिरको संरचना बनाएर साझेदारी वनका नाममा राज्यले उत्पादन वनका रुखहरु कटान गर्न सुरु गर्छ भने त्यो कदापी सफल हुन सक्दैन ।

**अबका विकल्पहरु**

तराईमा सा.व. को विकल्पको नाममा ल्याइएको साझेदारी वन व्यवस्थापनको धारणा आफैमा विवादास्पद रहेको छ भन्ने कुरा स्पष्ट भइसकेको छ । स्थानीय समुदायका लागि वनमाथिको अपनत्वको भावना जगाउने कुराको अभाव हुनु नै यसको उत्पत्तिसँगै अवसानको सङ्केत हो । अहिलेको युग वन स्रोतको व्यवस्थापनका लागि सामुदायिकीकरणको युग पनि हो । युगको माग र चाहना विपरितका वन व्यवस्थापन प्रणालीहरु ल्याउनु भनेको जबरजस्ती लाद्न खोज्नु मात्र हो ।

हालसम्म प्रस्तुत गरिएको साझेदारी वनको कार्यक्रम र कार्यान्वयन प्रक्रिया दाताहरुको अनुदानमा आधारित छ । सरकारी वा दाताको रकम खर्च गरेर नै वन व्यवस्थापन गर्ने हो भने विगतको सरकारी वन व्यवस्थापनशैली भन्दा आजको साझेदारी वन व्यवस्थापनशैलीमा के फरक ? यो त स्थानीय सरकार र परियोजनाहरुको लागि पनि प्रश्न हो । विगतका दिनहरुमा कम्तीमा काठ संकलन गर्न त सरकारले रकम आफै जुटाउँथ्यो । अब कुनै दिन यस्तो आउने छ, जतिबेला नेपालको जङ्गलमा भएका काठ र जडिबुटीको संकलन गर्ने कामका लागि पनि विदेशी दाताको रकममा निर्भर हुनु पर्नेछ । अहिले साझेदारी वन व्यवस्थापनका लागि सरकार, समुदाय र सार्वजनिक क्षेत्रको जुन किसिमको मोर्चा वा गठबन्धन वा थलोको परिकल्पना गरिएको छ, त्यो परिकल्पना व्यापारका लागि त उपयोगी होला तर वन व्यवस्थापनका लागि उपयोगी हुन सक्दैन ।

हाम्रो वन व्यवस्थापनको लागि कस्तो प्रणाली वा संरचनाको छनौट गर्ने भन्ने कुराको निर्णय लिनका लागि हाम्रा सामुमा धेरै आधारहरु रहेका छन् । पहिलो कुरा त हामी स्थानीय समुदायसँग नेपालको वन व्यवस्थापन गर्ने सामुदायिक प्रणालीको बारेमा प्रशस्त अनुभव, ज्ञान र सीप छ । नेपाल अधिराज्यको संविधान २०४७ ले विकेन्द्रीकरणको सिद्धान्तलाई अंगिकार गरेको छ[१४] । जैविक विविधता महासन्धि १९९२ ले वन स्रोतको व्यवस्थापनमा मौलिक पद्धतीलाई उच्च स्थान दिएको छ[१५] । वन ऐन २०४९ ले सा.व. लाई प्राथमिकता प्रदान गरेको छ[१६] । वि.सं. २०४६ सालमा लागू

गरेको वन विकास गुरुयोजनाले त विगतको वन व्यवस्थापन प्रणालीहरुको गंभीर विश्लेषण गर्दै सा.व. लाई नै पहिलो प्राथमिकतामा पारेको छ । दशौं योजनाले नेपालको वन व्यवस्थापन गर्दा स्थानीय समुदायले रोजेको व्यवस्थापन प्रणाली अपनाउनु पर्ने भनेको छ[१७] । आ.व. २०६०/०६१ को बजेट वक्तव्यमा पनि सा.व. लाई वन व्यवस्थापनको रणनैतिक माध्यम बनाउने भनिएको छ र साझेदारी वनको बारेमा एक शब्द पनि बोलिएको छैन । कानुनी र नीतिगत दस्तावेजका अलावा सर्वोच्च अदालतबाट २०५९ सालमा भएको फैसला (बक्समा दिइएको छ) ले समेत सा.व. को पक्षमा काम गर्नुपर्ने देखिन्छ ।

**"सामुदायिक वनको पक्षमा सर्वोच्च अदालतको फैसाला"**

तराई, चुरे र भित्री मधेसको वन व्यवस्थापन सम्बन्धमा मिति २०५७/१/१९ मा श्री ५ को सरकार मन्त्री परिषदले तराईको चक्ला वन सा.व. को रुपमा नदिने तथा उपभोक्ताको अधिकार कटौती गर्ने गरी गरेको निर्णयका विरुद्ध सर्वोच्च अदालतले मिति २०५९/१२/१४ गते सा.व. उपभोक्ता महासंघ, नेपालको रिट निवेदन उपर फैसला गरेको छ । जसमा लेखिएको छ **"नेपाल अधिराज्यको संविधान २०४७ को धारा २६ (४) अनुसार विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर प्रदान गरी सम्पूर्ण क्षेत्रका जनताले प्रजातन्त्रका लाभहरुको उपयोग गर्न सक्ने व्यवस्था कायम गर्नु राज्यको मुख्य दायित्व हुने उल्लेख भएकोले र सो व्यवस्थाले विकेन्द्रीकरणको सिद्धान्त, नेपाल अधिराज्यको संविधान २०४७ को अभिन्न अंगको रुपमा अंगिकार गरेको देखिन्छ । सा.व. को योजनावाट सबै क्षेत्रका जनताले विकेन्द्रीकरणको माध्यमबाट आफनो क्षेत्रका वन स्रोतहरुको बारेमा सहभागी भएर निर्णय गर्न अवसर प्राप्त गरी उपभोक्ता समूहको माध्यमद्वारा सा.व. लाई विकसित गरी त्यसबाट समान रुपमा फाईदा उठाई अनावृष्टि, अतिवृष्टी र बाढीको प्रकोपले गर्दा वर्षेनी हुँदै गएको भूक्षय र प्रतिवर्ष घट्दै गएको जग्गाको उर्वरा शक्तिले गर्दा कृषि उत्पादनमा देखिन थालेको ह्रासलाई नियन्त्रण गरी त्यसबाट त्राण पाउन र वन पैदावारको समायोचित उपभोग गरी वन पैदावारको बिक्री वितरणबाट हुने आयबाट लाभान्वित हुने कार्यक्रम श्री ५ को सरकारले तराई क्षेत्रमा पनि लागू गर्नु वाञ्छनीय देखिन्छ । तसर्थ सा.व. को योजनाबाट हुने लाभ प्राप्त गर्नबाट वन्चित हुनु नपरी अरु क्षेत्रका जनता सरह समानताको अनुभूति प्राप्त गर्नसक्ने व्यवस्था मिलाउने आफनो जिम्मेवारी र दायित्व श्री ५ को सरकारले पूरा गर्नुपर्ने देखिन्छ"** सर्वोच्चको यस फैसलाले कानुन कार्यान्वयनको लागि थप दवाब सृजना भएको छ भने कानुन प्रदत्त अधिकारको उपभोगमा भौगोलिक कारणले असमानता ल्याउन नहुने स्पष्ट पारिएको छ ।

वन तथा भूसंरक्षण मन्त्रालयले सर्वोच्च अदालतको फैसलामा चित्त नबुझाएर उक्त फैसलाको पुनरावलोकनको माग गर्दा पनि यो कुरामा कुनै आपत्ति नजनाई समूहहरुबाट ४०% रकम लिन पाउनु पर्ने जिकिर मात्र गरेको छ । यसरी श्री ५ को सरकार पनि तराईमा सा.व. हस्तान्तरण गर्न सहमत भएको हो कि भन्ने देखिन्छ । तर व्यवहार भने अर्कै छ र तराईको वन व्यवस्थापनको विकल्पको नाममा साझेदारी वनको धारणालाई अगाडि सारेर अरु सबै विकल्पहरुलाई छायाँमा पारिएको छ । यस्तो अवस्था आउन नदिनको लागि सा.व. उपभोक्ता समूह, स्थानीय निकाय, राजनैतिक दल, सम्वद्व गैह्र सरकारी संघ संस्था र अन्य नागरिक समाजहरु समयमै आ-आफ्नो काम, कर्तव्य र अधिकार प्रति सचेत हुनु आवश्यक देखिन्छ ।

(लेखक सामुदायिक वन उपभोक्ता महासंघमा कार्यरत हुनुहुन्छ ।)